जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

जनकपुर टुडे

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १७१ • २०८३ साल मंसिर ८ गते मंगलबार (24 November, Monday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

जनकपुरधाम-अयोध्याधाम जोड्ने सरयु-कमला रेल सेवा शुरु

नेपाल-भारतका प्रधानमन्त्रीद्वारा संयुक्तरुपमा भर्चुअल माध्यममाध्यमबाट रेल सेवाको उद्घाटन

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल-भारतबीचको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्बन्धलाई थप प्रगाढ बनाउने उद्देश्यसहित जनकपुरधाम र भारतको अयोध्याधामलाई जोड्ने सरयु-कमला रेल सेवा सञ्चालनमा आएको छ । नेपालका प्रधानमन्त्री बालेन्द्र साह र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सोमबार भारतको राजधानी नयाँदिल्लीस्थित हैदराबाद हाउसबाट संयुक्त रूपमा हरियो झण्डा देखाएर रेल सेवाको शुभारम्भ गरेका छन् ।

प्रधानमन्त्रीद्वयले भर्चुअल माध्यमबाट रेल सेवाको उद्घाटन गरेपछि उत्तर प्रदेशको अयोध्या क्यान्ट स्टेसनबाट जनकपुरधामका लागि रेल प्रस्थान गरेको थियो । उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले भिडियो कन्फरेन्समार्फत ताली बजाउँदै रेललाई बिदाइ गरेका थिए । १७ डिब्बा रहेको उक्त रेलमा करिब एक हजार यात्रु सवार छन् । रेल मंगलबार दिउँसो जनकपुरधाम आइपुग्ने तालिका छ ।

भगवान् श्रीरामको जन्मस्थल अयोध्या र माता सीताको जन्मस्थल जनकपुरधामलाई प्रत्यक्ष रेलमार्गबाट जोड्ने यो सेवाले धार्मिक पर्यटन, सांस्कृतिक आदानप्रदान तथा सीमापार आवागमनमा नयाँ सम्भावना सिर्जना गर्ने अपेक्षा गरिएको छ । करिब ६०४ किलोमिटर दूरीको यात्रा रेलमार्फत करिब १९ घण्टामा पूरा हुनेछ ।

'जनकपुरधाम-अयोध्या क्यान्ट एक्सप्रेस' नाम दिइएको रेल भारतको बिहारस्थित जयनगर हुँदै नेपाल प्रवेश गर्नेछ । रेलले जनकपुरधाम, जयनगर, मधुबनी, सीतामढी, रक्सौल, नरकटियागञ्ज, गोरखपुर, बस्ती, मनकापुर, अयोध्या धाम र अयोध्या क्यान्टलगायतका स्टेसनमा यात्रु चढाउने तथा ओराल्ने व्यवस्था गरिएको छ ।



सातामा एक दिन दुबैतर्फ सञ्चालन हुने रेल सेवाअन्तर्गत जनकपुरधामबाट अयोध्या जाने रेल नम्बर १५५९५ र अयोध्याधामबाट जनकपुरधाम आउने रेल नम्बर १५५९६ निर्धारण गरिएको छ । जनकपुरधामबाट शनिबार दिउँसो १:१० बजे छुट्ने रेल आइतबार बिहान अयोध्या क्यान्ट पुग्नेछ । त्यसैगरी, अयोध्या क्यान्टबाट सोमबार साँझ ५:५० बजे छुट्ने रेल मंगलबार दिउँसो १२ :४० बजे जनकपुरधाम आइपुग्ने समयतालिका छ । नेपालका रेल स्टेसनको समय भारतीय समयभन्दा १५ मिनेट अगाडि हुने भएकाले यात्रुले स्थानीय समय अनुसार तालिका हेर्नुपर्नेछ ।

यस अघि भारतबाट जनकपुरधाम आउने यात्रुले जयनगरमा सीमासम्बन्धी प्रक्रिया पूरा गरेपछि नेपालतर्फको रेल परिवर्तन गर्नुपर्ने अवस्था थियो । नयाँ सेवाबाट आवश्यक सीमा जाँचपछि एउटै रेलमा गन्तव्यसम्म पुग्न सकिने सुविधा उपलब्ध हुने भएको छ ।

रेल सेवा शुभारम्भ अघि उत्तर प्रदेश सरकारले आयोजना गरेको कार्यक्रममा मुख्यमन्त्री योगी आदित्यनाथले अयोध्या र जनकपुरधाम दुई संस्कृतिको पौराणिक मिलन भएको बताए । उनले सरयु-कमला रेल सेवाले दुई तीर्थस्थलबीचको ऐतिहासिक सम्बन्धलाई पुनर्जीवित गरेको उल्लेख गर्दै रामम्न्दिर र जानकी मन्दिर दर्शन गर्न जाने श्रद्धालुका लागि यो सेवा महत्वपूर्ण हुने बताए । यसबाट जनकपुरको मिथिला चित्रकलाले समेत अन्तर्राष्ट्रिय बजार पाउने उनको विश्वास गरिएको छ ।

भारतीय प्रधानमन्त्री मोदीले पनि जनकपुरधाम र अयोध्याबीचको धार्मिक तथा सांस्कृतिक सम्बन्धलाई थप सुदृढ बनाउन रेल सेवा महत्वपूर्ण हुने बताए । प्रधानमन्त्री साहले नेपाल-भारत सम्बन्धलाई ऐतिहासिक निकटतामा मात्र सीमित नराखी आपसी विश्वास, सहकार्य र साझा समृद्धिका आधारमा अघि बढाउनुपर्नेमा जोड दिए ।

यसैबीच, अयोध्याधामबाट आउने तीर्थयात्रीको स्वागतका लागि जनकपुरधाम रेल्वे स्टेसनमा विशेष तयारी गरिएको छ । स्वागतका लागि पण्डाल निर्माण गरिएको छ भने मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवसहित विभिन्न क्षेत्रका प्रतिनिधि सहभागी हुने कार्यक्रम छ ।

प्रधानमन्त्री साहको भारत भ्रमणका क्रममा ऊर्जा, पूर्वाधार र विकास सहकार्यका विषयमा समेत महत्वपूर्ण सहमति तथा घोषणा भएका छन् । दुबै प्रधानमन्त्रीले ६६९ मेगावाट क्षमताको तल्लो अरुण जलविद्युत आयोजनाको संयुक्त रूपमा शिलान्यास गरेका छन् । करिब ९२ अर्ब ६७ करोड रुपैयाँ लागत अनुमान गरिएको उक्त आयोजना पाँच वर्षभित्र सम्पन्न गर्ने लक्ष्य छ । उत्पादित विद्युत्को २१ प्रतिशत नेपालले निःशुल्क प्राप्त गर्ने व्यवस्था छ ।

त्यसैगरी, भारतले नेपालको पुनर्निर्माण तथा दीर्घकालीन विकासका लागि दुई खर्ब ४० अर्ब रुपैयाँ बराबरको विकास सहयोग प्याकेज घोषणा गरेको छ ।

सरयु-कमला रेल सेवा सञ्चालनसँगै जनकपुरधाम र अयोध्याबीचको धार्मिक पर्यटन, व्यापार, सांस्कृतिक आदानप्रदान तथा जनस्तरको सम्बन्ध विस्तारमा नयाँ ढोका खुलेको छ । यसले नेपाल-भारतबीचको सदियौँ पुरानो सम्बन्धलाई यातायातको आधुनिक सञ्जालमार्फत थप मजबुत बनाउने विश्वास लिइएको छ ।

नेपाल-भारतबीच आठ क्षेत्रमा सहकार्य गर्ने समझदारी

टुडे समाचारदाता

जनकपुरधाम । प्रधानमन्त्री बालेन्द्र साहको भारतको राजकीय भ्रमणका क्रममा नेपाल र भारतबीच विभिन्न आठ क्षेत्रमा सहकार्य गर्ने समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

दुई देशबीच भएको सो समझदारीमा शैक्षिक तथा अनुसन्धान, सुरक्षा, निजामती कर्मचारीको क्षमता अभिवृद्धि, आयुर्वेद तथा परम्परागत चिकित्सा, भूउपग्रह सञ्चार सञ्जाल, दिगो सहरी विकास, स्वास्थ्य तथा चिकित्सा र पशुपन्छी तथा मत्स्य विकासका क्षेत्र समेटिएका छन् ।

परराष्ट्र मन्त्रालयका अनुसार नेपाल र भारतबीच भएका आठ समझदारीमा भारतको गुजरात राज्यस्थित गान्धीनगरको राष्ट्रिय विधिविज्ञान विश्वविद्यालय र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोबीच शैक्षिक तथा अनुसन्धान सहकार्यसम्बन्धी समझदारी, भारतको राष्ट्रिय रक्षा विश्वविद्यालय र नेपालको राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानबीच सहकार्यासम्बन्धी समझदारी, भारत सरकारको प्रशासनिक सुधार तथा सार्वजनिक गुनासो विभागअन्तर्गतको सुशासनसम्बन्धी राष्ट्रिय केन्द्र र नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गतको नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबीच नेपाली निजामती कर्मचारीको क्षमता अभिवृद्धिका लागि तालिम कार्यक्रम सञ्चालन गर्ने समझदारी, आयुर्वेद तथा अन्य परम्परागत चिकित्सा पद्धतिको क्षेत्रमा सहकार्य गर्ने विषयमा नेपाल र भारत सरकारबीच समझदारी, दक्षिण एसिया भूउपग्रहको उपयोगका लागि भूउपग्रह सञ्चार सञ्जाल स्थापना गर्ने विषयमा भारतको अन्तरिक्ष अनुसन्धान सङ्गठन र नेपालको सूचना तथा सञ्चार मन्त्रालयबीच समझदारी, दिगो सहरी विकासका क्षेत्रमा प्राविधिक सहकार्य गर्ने विषयमा नेपाल र भारत सरकारबीच समझदारी, स्वास्थ्य तथा चिकित्साको क्षेत्रमा सहकार्य गर्ने विषयमा भारत सरकारको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालय र नेपाल सरकारको स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालयबीच समझदारी तथा पशुपन्छी तथा मत्स्य विकासका क्षेत्रमा सहकार्य गर्ने विषयमा नेपाल र भारत सरकारबीच समझदारी भएको जनाइएको छ ।

१५ वर्षपछि अन्तिम चरणमा कमला पुल निर्माण, छिट्टै सञ्चालनमा आउने दाबी

टुडे समाचारदाता

जनकपुरधाम । लामो समयदेखि अलपत्र परेको हुलाकी राजमार्गअन्तर्गत धनुषा र सिरहा जिल्लालाई जोड्ने कमला नदीमाथिको पुल निर्माण कार्य करिब १५ वर्षपछि अन्तिम चरणमा पुगेको छ । पुलको मुख्य संरचना निर्माण तथा मर्मतसम्भार सम्पन्न भएको र अहिले पहुँच मार्ग, तटबन्ध तथा रेलिङ जडानको काम भइरहेको निर्माण पक्षले जनाएको छ । बाँकी काम पूरा भएपछि पुल सर्वसाधारणका लागि सञ्चालनमा ल्याउने तयारी गरिएको छ ।



जनकपुरधामस्थित हुलाकी राजमार्ग आयोजना निर्देशनालयका प्रमुख कृष्णकुमार महतोका अनुसार पुलको मुख्य निर्माण तथा मर्मतसम्भारको काम सम्पन्न भइसकेको छ । अहिले पुलका जोड भागमा राखिने विशेष संरचना (एक्सपान्सन जोइन्ट) जडान गर्ने काम अन्तिम चरणमा पुगेको छ । यसका साथै, पुलको दुवैतर्फ माटो भर्ने, पहुँच सडक निर्माण गर्ने, तटबन्ध बनाउने र रेलिङ जडान गर्ने काम भइरहेको छ ।

नदीको धार नियन्त्रण गरी पानीको बहाव पुलमुनिबाट गराउने व्यवस्था मिलाइएपछि पुल सञ्चालनका लागि आवश्यक कामले गति लिएको महतोले बताए । सिरहातर्फ तटबन्ध निर्माण गरी नदीको धार नियन्त्रण गरिएको र अब पुललाई दुवैतर्फको सडकसँग जोड्ने काम भइरहेको उनको भनाइ छ ।

भौतिक पूर्वाधार मन्त्रालयले विशेष चासो देखाएपछि निर्माण कार्यले तीव्रता पाएको हो । भौतिक पूर्वाधारमन्त्री सुनील लम्सालले पनि पुल निर्माणबारे चासो व्यक्त गर्दै सामाजिक सञ्जालमार्फत नोभेम्बरसम्म सञ्चालनमा ल्याउने प्रतिबद्धता जनाएका थिए । आयोजना प्रमुख महतोले मन्त्रीले घोषणा गरेको समयसीमाभित्रै पुल सञ्चालनमा ल्याउने गरी काम भइरहेको बताए । उनका अनुसार मंसिरको पहिलो सातादेखि पुलमा सवारी आवागमन खुला गर्ने लक्ष्य राखिएको छ ।

कमला पुल निर्माणको ठेक्का सुरुमा सन् २०११ मा पप्पु कन्स्ट्रक्सनले पाएको थियो । ४२ महिनाभित्र निर्माण सम्पन्न गर्ने गरी २४ करोड ९१ लाख रुपैयाँमा सम्झौता भएको थियो । तर, निर्धारित समयभित्र काम पूरा हुन नसक्दा आयोजना लामो समयसम्म अलपत्र रह्यो। पछि ४७० मिटर लामो पुल निर्माण सम्पन्न गर्ने जिम्मेवारी सन् २०२१ जुलाई २८ मा लुम्बिनी बिल्डर्सलाई दिइएको थियो ।

निर्माण कार्य अन्तिम चरणमा पुगेका बेला सन् २०२१ जुलाई १ मा लगातारको वर्षा र कमला नदीमा आएको बाढीले पुलका संरचनामा क्षति पुऱ्याएको थियो । बाढीका कारण केही पिलरका जग भासिनुका साथै स्ल्याबमा समेत क्षति पुगेपछि निर्माण प्रक्रिया थप जटिल बनेको थियो । त्यसपछि प्राविधिक मूल्यांकन, डिजाइन परिमार्जन र क्षतिग्रस्त संरचनाको पुनर्निर्माण गर्नुपर्दा आयोजना थप वर्षौंसम्म लम्बिएको थियो ।

पुल निर्माणमा भएको ढिलाइसँगै यसको गुणस्तर र दीर्घकालीन टिकाउपनबारे पनि प्रश्न उठ्दै आएको छ । विभिन्न प्राविधिक मूल्यांकनमा पुलको डिजाइन तथा निर्माणमा प्रयोग गरिएका सामग्रीको गुणस्तरमाथि प्रश्न उठाइएको बताइएको छ । सञ्चालनको तयारी भइरहेका बेला नै पुलका संरचनामा क्षति पुगेपछि यसको जग, डिजाइन र निर्माण गुणस्तरबारे थप चिन्ता व्यक्त गरिएको थियो ।

यसैबीच अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पुलको डिजाइन बलान नदीमाथि निर्माण गरिएको पुलको डिजाइनबाट नक्कल गरिएको निष्कर्ष निकालेको बताइएको छ । स्रोतका अनुसार लामो समयदेखि अलपत्र पुललाई सञ्चालनमा ल्याउने बाटो सहज बनाउन आयोगले आफ्नो कारबाही प्रक्रिया अस्थायी रूपमा स्थगित गरेको थियो । यद्यपि, पुल निर्माणमा भएको अनियमितता, प्राविधिक कमजोरी र त्यसको जिम्मेवारीबारे स्पष्टता आउनुपर्ने माग समेत उठ्दै आएको छ ।

चालु आर्थिक वर्षमा भौतिक पूर्वाधार मन्त्रालयले पुल निर्माण तथा नदी नियन्त्रणसम्बन्धी कामका लागि २५ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । उक्त बजेटबाट बाँकी निर्माण कार्य पूरा गर्नुका साथै नदीको बहाव व्यवस्थापन र पुलको दीर्घकालीन सुरक्षासम्बन्धी काम अघि बढाउने अपेक्षा गरिएको छ ।

कमला नदीमा पुल नहुँदा सिरहा र धनुषाका हजारौँ बासिन्दाले वर्षौंदेखि आवागमनमा कठिनाइ भोग्दै आएका छन् । विशेषगरी वर्षायाममा नदीको बहाव बढ्दा डुंगाको सहारा लिनुपर्ने तथा जोखिम मोलेर नदी पार गर्नुपर्ने बाध्यता रहँदै आएको छ । यसले स्थानीयको दैनिक आवागमनसँगै शिक्षा, स्वास्थ्य, कृषि र व्यापारिक गतिविधिमा समेत प्रत्यक्ष असर पारेको छ ।

धनुषाको कमला नगरपालिकाका स्थानीय सुरेश यादव पुल सञ्चालनमा आएपछि दुई जिल्लाबीचको आवागमन सहज हुने बताउँछन् । शिक्षा, स्वास्थ्य, व्यापार तथा दैनिक कामकाजका लागि सिरहा र धनुषाका बासिन्दालाई ठूलो राहत मिल्ने उनको भनाइ छ ।

पुल सञ्चालनमा आएपछि किसानलाई कृषि उपज तथा स्थानीय उत्पादन बजारसम्म पुऱ्याउन सहज हुनेछ । ढुवानी खर्च र यात्रा समय घट्नुका साथै दुई जिल्लाबीच व्यापारिक गतिविधि विस्तार हुने अपेक्षा गरिएको छ । यसले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन र सिरहा तथा धनुषाबीचको आर्थिक एवं सामाजिक सम्बन्धलाई थप मजबुत बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ ।

करिब १५ वर्षको प्रतीक्षापछि निर्माणको अन्तिम चरणमा पुगेको कमला पुल सञ्चालनमा आउने दाबीले स्थानीयमा आशा जागे पनि पुल सञ्चालनको घोषणा मात्र पर्याप्त हुने छैन ।

विगतमा बाढीका कारण पुलमा क्षति पुगेको घटनालाई ध्यानमा राख्दै सम्बन्धित निकायले सुरक्षामा विशेष सावधानी अपनाउनुपर्ने देखिन्छ । स्थानीयवासीले अब थप आश्वासनभन्दा सुरक्षित र सहज आवागमनको प्रतीक्षा गरिरहेका छन् ।



जनकपुर टुडे



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

बालेनलाई न्यानो स्वागत

प्रधानमन्त्री बालेन्द्र साह(बालेन) लाई भारतीय समकक्षी नरेन्द्र मोदीले न्यानो स्वागत गरेका छन् । दुई दिने राजकीय भ्रमणमा भारत पुगेका प्रधानमन्त्री बालेनलाई भारतीय प्रधानमन्त्री मोदीले रातो कार्पेट ओछ्याएर अंकमाल गर्दै स्वागत गरे । बालेन मोदीको उमेर भन्दा झण्डै आधी मात्र छ । तर राजनीतिक र कुटनीतिक परिपक्वता प्रधानमन्त्री बालेनमा उच्च छ । कान्छो उमेरका प्रधानमन्त्री बालेन र अत्यन्त परिपक्व प्रधानमन्त्री मोदीबीचको अंकमालले दुईबीच रहेको अपनत्व दर्शाएको छ । प्रधानमन्त्री बनेको आठ महिना भित्र नै मित्र राष्ट्र भारतको पहिलो भ्रमणमा पुगेको बालेनका लागि एक प्रकारको परीक्षा नै भएको विपक्षी दलका नेताहरुले बुझेका छन् । भ्रमणको क्रममा कतिपय विषयलाई नजानेर पनि नेपालमा अनर्गल प्रचार गरिएको छ । देशको प्रधानमन्त्री विदेशमा दुई पक्षियहितको विषयमा छलफल र संवाद गरिरहेको अवस्थामा उनको अनावश्यक आलोचना गर्नु भनेको देशको मर्यादाप्रति गैरजिम्मेवार भएको मानिन्छ । नेपालले उच्च महत्व मात्र दिएको छैन । भारतले पनि भ्रमणलाई उच्च महत्वका साथ लिएको छ । प्रधानमन्त्री बालेन भारत भ्रमण गरेर आफ्नो प्रचार गर्न चाहेका छैनन् । उनले देशको बृहत्तहितका लागि कयौँ एजेण्डाहरु उपर छलफल र सहमति गर्न भारत गएका हुन् । भारतमा उनी पढेका छन् । भारतीय राजनीतिलाई बुझेका छन् । औपचारिकता भन्दा उनले भ्रमणलाई परिणाममुखी बनाउन चाहेका छन् । प्रधानमन्त्री बालेनलाई विमानस्थलमा स्वागत गर्नेदेखि प्रधानमन्त्री मोदीसितको भेटको विषयमा अनावश्यक चर्चा गरेर समय खेर फाल्नु भन्दा भएको सहमति र छलफलको एजेण्डाको प्रभावकारीताबारे छलफल गर्नु उपयुक्त हुनेछ । नेपालको प्रधानमन्त्री भारत भ्रमणगर्नुलाई नेपाली राजनीतिमा मात्र नभइ कुटनीतिक क्षेत्रमा समेत विशेष महत्व राख्छ । कमै मात्र प्रधानमन्त्रीले भारतको भन्दा पहिले अन्य राष्ट्रको भ्रमण गरेका छन् । नेपाल र भारतबीचको सम्बन्ध त्रेता युगकालीन रहेको छ । अत्यन्त प्राचिन सम्बन्धलाई दुई देशका प्रधानमन्त्रीले अझ प्रगाढ बनाउन माता सीताको प्राकट्य स्थल जनकपुरधाम र भगवान रामको पावन जन्मस्थल अयोध्याधामलाई रेल मार्गबाट जोडेका छन् । दुबै प्रधानमन्त्रीले संयुक्त रुपमा जनकपुरधाम-अयोध्याधाम रेल सेवाको हरियो झण्डा देखाएर शुभारम्भ गरेका छन् । यसले धार्मिक पर्यटकहरुलाई दुई पवित्र तिर्थस्थलको दर्शनगर्न सहज हुनेछ । धार्मिक पर्यटक प्रबर्द्धनमा रेल सेवाले विशेष योगदान दिनेछ । नेपाल र भारतबीच प्रत्यक्ष रुपमा पहिलो पटक रेल सेवा सञ्चालन भएको छ । भारतले रक्सौल-काठमाण्डुबीच समेत रेल सेवा सञ्चालन गर्न कार्य थालिसकेको छ । प्रधानमन्त्री बालेनले विगतमा नेपालका प्रधानमन्त्रीहरुले गरेको भारत भ्रमणको भन्दा कुनै दृष्टिले कमजोर हुन दिएको छैन । बालेको भ्रमणलाई भारतमा समेत उच्च महत्व दिएको छ ।यसमा हरेक नेपालीले गर्व गर्नुपर्छ ।

बालेन शाहको भारत भ्रमणले अन्तर्राष्ट्रिय समुदायमा नेपालप्रति कस्तो सन्देश दिन सक्छ?



प्रेमचन्द्र झा

कूटनीतिमा स्वागतका दृश्यले सम्बन्धको बाहिरी तापक्रम देखाउँछन्, तर त्यसको वास्तविक गहिराइ भने वार्ताको टेबुलमा तय भएका विषय, कार्यान्वयन भएका सम्झौता र जनताले अनुभूति गर्ने परिणामले मापन हुन्छ। कुनै देशका प्रधानमन्त्री अर्को देशको राजधानी पुग्दा विमानस्थलमा कस्तो स्वागत भयो, कसले हात मिलायो, कति उच्चस्तरीय अधिकारी उपस्थित भए र कस्तो सम्मान दिइयो भन्ने कुरा राजनीतिक तथा कूटनीतिक वृत्तमा अर्थपूर्ण हुन्छ तर एउटा सार्वभौम राष्ट्रको सफल विदेश नीति स्वागतको भव्यतामा होइन, राष्ट्रिय हित सुरक्षित गर्न सक्ने क्षमतामा नापिन्छ।

प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमणलाई पनि यही दृष्टिकोणबाट मूल्याङ्कन गर्न आवश्यक छ। नयाँ दिल्लीस्थित होटल ताजमहलमा प्रधानमन्त्री बालेन शाह र भारतका विदेशमन्त्री डा. एस. जयशंकरबीच भएको शिष्टाचार भेटवार्तामा नेपाल-भारत सम्बन्धका विभिन्न पक्षमा छलफल भएको विवरण सार्वजनिक भएको छ। कनेक्टिभिटी, व्यापार तथा पारवहन, ऊर्जा, संस्कृति, शिक्षा, जनस्तरको सम्बन्ध र समग्र द्विपक्षीय सहकार्यका विषय भेटवार्ताको एजेन्डामा समेटिएका छन्।

यी विषय सामान्य कूटनीतिक शब्दावलीजस्ता देखिए पनि नेपालको आर्थिक भविष्यसँग प्रत्यक्ष जोडिएका विषय हुन्। नेपालको भूगोल, उत्पादन क्षमता, बजारको आकार, औद्योगिक आधार, ऊर्जा सम्भावना, रोजगारीको अवस्था र भौगोलिक अवस्थितिलाई हेर्दा भारतसँगको सम्बन्ध नेपालका लागि केवल छिमेकीसँगको सम्बन्ध मात्र होइन, आर्थिक विकासको एउटा महत्त्वपूर्ण आधारसमेत हो। तर प्रश्न यति मात्रै होइन–भारतसँगको सम्बन्धलाई नेपालले आफ्नो विकासको अवसरमा कसरी बदल्ने? भारतले नेपालको आर्थिक समृद्धिमा वास्तविक योगदान दिन चाहेमा कुन क्षेत्रमा कस्तो सहयोग गर्न सक्छ? अनि प्रधानमन्त्री बालेन शाहको भ्रमणले अन्तर्राष्ट्रिय समुदायमा नेपालप्रति कस्तो सन्देश दिन सक्छ?

यी प्रश्नहरूको उत्तर खोज्न स्वागतको औपचारिकता पार गरेर राष्ट्रिय हितको वास्तविक धरातलमा पुग्नुपर्छ।

प्रधानमन्त्री बालेन शाह नयाँ दिल्ली पुग्दा भारतीय पक्षबाट गरिएको स्वागतलाई नेपालको बदलिँदो राजनीतिक नेतृत्व र अन्तर्राष्ट्रिय पहिचानको सन्दर्भमा पनि हेर्न सकिन्छ। प्रधानमन्त्रीको भारत भ्रमण पहिलो औपचारिक विदेश भ्रमणका रूपमा रहनु, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा दिल्ली पुग्नु, भारतीय विदेशमन्त्री एस. जयशंकरले होटलमै पुगेर भेटवार्ता गर्नु तथा उच्चस्तरीय राजनीतिक भेटघाटको कार्यक्रम तय हुनु आफैँमा कूटनीतिक महत्त्व राख्छ। भ्रमणमा सरकारी अधिकारीसँगै निजी क्षेत्रका प्रतिनिधिहरूको सहभागितालेपनि आर्थिक कूटनीतिलाई प्राथमिकता दिएको संकेत गर्छ।

नेपालको राजनीतिक परिवर्तन, नयाँ नेतृत्वप्रति जनताको अपेक्षा र शासनशैलीमा सुधारको चाहनालाई भारतले कसरी ग्रहण गर्छ भन्ने कुरा पनि यो भ्रमणको पृष्ठभूमिमा महत्त्वपूर्ण छ। नेपालमा नेतृत्व परिवर्तन हुँदा छिमेकी मुलुकहरूले केवल नयाँ प्रधानमन्त्रीको व्यक्तित्वलाई मात्र हेर्दैनन्; नयाँ सरकारको नीति, स्थायित्व, आर्थिक दृष्टिकोण, क्षेत्रीय सम्बन्ध, अन्तर्राष्ट्रिय प्रतिबद्धता र निर्णय क्षमताको पनि मूल्याङ्कन गर्छन्।

बालेन शाहको राजनीतिक उदय परम्परागत दलगत राजनीतिप्रति असन्तुष्टि, सुशासनको माग, भ्रष्टाचारविरुद्धको आक्रोश, युवा पुस्ताको आकांक्षा र राज्यको सेवा प्रवाहमा सुधारको अपेक्षासँग जोडिएको छ। यस्तो पृष्ठभूमिका प्रधानमन्त्री भारत पुग्दा भारतीय राजनीतिक तथा प्रशासनिक वृत्तले पनि नेपालमा आएको परिवर्तनलाई सामान्य सत्ता हस्तान्तरणभन्दा फरक कोणबाट हेर्न सक्ने सम्भावना हुन्छ।

तर नयाँ नेतृत्वको प्रभाव उसको लोकप्रियतामा मात्रै स्थापित हुँदैन। अन्तर्राष्ट्रिय समुदायले अन्ततः एउटा सरकारको मूल्याङ्कन उसले कति स्पष्ट नीति बनायो, कति विश्वसनीयता कायम गऱ्यो, कति प्रभावकारी रूपमा वार्ता गऱ्यो र आफ्नो देशको आर्थिक तथा राजनीतिक हितलाई कति दृढतापूर्वक प्रस्तुत गऱ्यो भन्ने आधारमा गर्छ।

नेपालले भारतसँग मित्रताको भाषा बोल्दै राष्ट्रिय हितको विषयमा स्पष्ट, तथ्यपूर्ण र आत्मविश्वासी आवाज उठाउन सके मात्र नयाँ नेतृत्वको अन्तर्राष्ट्रिय छवि बलियो बन्न सक्छ।

नेपालको कूटनीति न त अनावश्यक तित्क्तामा आधारित हुनुपर्छ, न त आत्मसम्मान बिर्सेर कसैलाई रिझाउने प्रवृत्तिमा। मित्रता र आत्मसम्मान एकअर्काका विरोधी होइनन्। बरु सम्मानजनक मित्रताको आधार नै समानता, पारस्परिक लाभ, विश्वास र स्पष्टता हो। भार तसँगको सम्बन्धमा नेपालले यही सन्तुलन कायम गर्न आवश्यक छ।

नेपाल भूपरिवेष्ठित देश हो। तर भूपरिवेष्ठित हुनु र अवसरबाट वञ्चित हुनु एउटै कुरा होइन। संसारका कतिपय भूपरिवेष्ठित मुलुकहरूले बलियो यातायात सञ्जाल, छिमेकीसँग सहज पारवहन, व्यापारिक पूर्वाधार र क्षेत्रीय साझेदारीको माध्यमबाट आर्थिक समृद्धि हासिल गरेका छन्। नेपालका लागि पनि भौगोलिक अवस्थालाई बाधा होइन, सम्भावनाको सेतुमा रूपान्तरण गर्ने सबैभन्दा महत्त्वपूर्ण साझेदार भारत हो।

नेपाल र भारतबीच सडक, रेल, हवाई, जलमार्गसम्बन्धी सम्भावना, सीमावर्ती व्यापारिक पूर्वाधार तथा डिजिटल सम्पर्क सञ्जाल विस्तार गर्न सके नेपालको उत्पादन लागत घट्न सक्छ, व्यापार सहज हुन सक्छ र अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमता बढ्न सक्छ।

कनेक्टिभिटीको अर्थ केवल सडक बनाउनु होइन। यो किसानलाई बजारसँग जोड्ने व्यवस्था हो, उद्योगलाई कच्चा पदार्थसँग जोड्ने माध्यम हो, विद्यार्थीलाई अवसरसँग जोड्ने बाटो हो, पर्यटकलाई गन्तव्यसम्म पुऱ्याउने संरचना हो र लगानीकर्तालाई विश्वास दिलाउने पूर्वाधार हो।

नेपालले भारतसँग प्राथमिकताका आधारमा निम्न विषयमा ठोस प्रगति खोज्नुपर्छ। नेपालका प्रमुख औद्योगिक तथा कृषि उत्पादन क्षेत्रलाई भारतको सीमावर्ती बजार र ठूला व्यापारिक केन्द्रसँग जोड्ने रेल तथा सडक सञ्जाल विस्तार, वीरगञ्ज, विराटनगर, भैरहवा, नेपालगञ्ज, जनकपुर, काँकडभिट्टा लगायतका प्रमुख सीमा नाकामा भन्सार, गोदाम, परीक्षण प्रयोगशाला, शीतभण्डार र आधुनिक ढुवानी व्यवस्थापनको विस्तार, सीमावर्ती क्षेत्रमा मालवाहक रेल, एकीकृत जाँच चौकी र व्यापारिक पार्कको क्षमता वृद्धि, अन्तरदेशीय डिजिटल प्रणालीलाई एकीकृत गर्दै कागजी प्रक्रियामा हुने ढिलाइ, अनावश्यक झन्झट र लागत कम गर्ने व्यवस्था आवश्यक छ।

नेपालको कृषि उत्पादन ठूलो सम्भावना बोकेको क्षेत्र



हो। तर किसानले उत्पादन गरेको तरकारी, फलफूल, दूध, माछा, अन्न र अन्य कृषि उपज बजारसम्म पुग्दा मूल्यको ठूलो हिस्सा ढुवानी, भण्डारण र बिचौलियाको प्रक्रियामा खर्च हुन्छ। सीमावर्ती बजारसम्म छिटो पुग्ने सडक, रेल र व्यवस्थित शीतशृंखला विकास भए किसानले उत्पादनको उचित मूल्य पाउन सक्छन्।

भारतले नेपालका प्रमुख व्यापारिक नाकामा आधुनिक कृषि निर्यात केन्द्र स्थापना गर्न सहयोग गर्न सक्छ। त्यस्ता केन्द्रमा खाद्य गुणस्तर परीक्षण, प्याकेजिङ, प्रशोधन, क्वारेन्टाइन, शीतभण्डारण र निर्यात प्रमाणीकरणको व्यवस्था हुनुपर्छ। यसले नेपाललाई कच्चा कृषि उपज बेच्ने देशबाट प्रशोधित उत्पादन निर्यात गर्ने देशमा रूपान्तरण गर्न सहयोग पुऱ्याउन सक्छ।

नेपालको पर्यटन क्षेत्रलाई पनि कनेक्टिभिटीले ठूलो लाभ दिन सक्छ। धार्मिक पर्यटन, हिमाली पर्यटन, साहसिक पर्यटन, वन्यजन्तु पर्यटन, सांस्कृतिक पर्यटन र स्वास्थ्य पर्यटनका लागि भारत ठूलो सम्भावित बजार हो। नेपालका प्रमुख पर्यटनस्थललाई भारतीय रेल, सडक र हवाई सञ्जालसँग सहज रूपमा जोड्न सके भारतीय पर्यटकको आगमन वृद्धि हुन सक्छ। भारतीय पर्यटकलाई नेपालसम्म ल्याउने मात्र होइन, नेपाल आएका पर्यटकलाई थप दिन बस्ने, विभिन्न प्रदेश भ्रमण गर्ने र स्थानीय अर्थतन्त्रमा खर्च गर्ने वातावरण बनाउन आवश्यक छ।

कनेक्टिभिटीको एउटा अत्यन्त महत्त्वपूर्ण विषय हवाई प्रवेश मार्ग पनि हो। भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालन तथा व्यावसायिक प्रभावकारिता बढाउन भारतसँग सहज हवाई प्रवेश मार्ग र सम्बन्धित प्राविधिक सहमति महत्त्वपूर्ण मानिन्छ। नेपालले नयाँ हवाई प्रवेश मार्गका विषयमा लामो समयदेखि पहल गर्दै आएको र यस भ्रमणमा पनि हवाई सम्पर्कको विषय प्राथमिकतामा रहेको समाचारमा उल्लेख छ।

भारतले यस विषयमा सकारात्मक, व्यावहारिक र पारस्परिक लाभमा आधारित निर्णय लिन सके नेपालमा पर्यटन, होटल, विमान सेवा, रोजगारी, व्यापार र लगानीमा नयाँ गति आउन सक्छ।

नेपाल-भारत सम्बन्धको सबैभन्दा व्यावहारिक र संवेदनशील पक्ष व्यापार तथा पारवहन हो। नेपालले भारतबाट ठूलो मात्रामा पेट्रोलियम पदार्थ, औद्योगिक कच्चा पदार्थ, खाद्यान्न, औषधि, मेसिनरी, निर्माण सामग्री र दैनिक उपभोग्य वस्तु आयात गर्छ। भारत नेपालको सबैभन्दा ठूलो व्यापारिक साझेदारमध्ये एक हो। यस्तो अवस्थामा व्यापारिक सम्बन्ध सहज हुनु नेपालको आर्थिक स्थिरताका लागि अत्यन्त महत्त्वपूर्ण हुन्छ।

तर व्यापारिक सम्बन्धलाई केवल आयातको सुविधामा सीमित राख्नु हुँदैन। नेपालले भारतसँगको व्यापारमा आफ्नो उत्पादन, निर्यात र औद्योगिक क्षमता बढाउने विषयलाई केन्द्रमा राख्नुपर्छ।

नेपालबाट भारतमा निर्यात हुने वस्तुमा विद्युत, कृषि उपज, जडीबुटी, चिया, अलैंची, अदुवा, हस्तकला, प्रशोधित खाद्य सामग्री, सिमेन्ट तथा अन्य औद्योगिक उत्पादनको सम्भावना छ। तर निर्यातको बाटोमा गुणस्तर मापदण्ड, प्रमाणपत्र, सीमा प्रक्रियामा ढिलाइ, ढुवानी लागत, बजार पहुँच र नीतिगत अनिश्चितता जस्ता चुनौती रहन सक्छन्।

भारतले नेपालका उत्पादनलाई आफ्नो बजारमा सहज प्रवेश दिन सके नेपालका उद्योग तथा किसानले ठूलो बजार प्राप्त गर्न सक्छन्। नेपालका उत्पादन भारतको विशाल बजारमा प्रतिस्पर्धा गर्न सक्ने वातावरण निर्माण गर्नु केवल नेपालको लाभ होइन, भारतका उपभोक्ता र उद्योगका लागि पनि फाइदाजनक हुन सक्छ।

दुई देशबीच व्यापार सन्धि र पारवहन व्यवस्थालाई समयानुकूल सुधार गर्न आवश्यक छ। विशेषगरी व्यापारिक विवाद समाधान, भन्सार प्रक्रियाको डिजिटलाइजेशन, सीमावर्ती ढुवानीको समय घटाउने, गैर-भन्सार अवरोध कम गर्ने, परीक्षण प्रयोगशालाको पारस्परिक मान्यता र निर्यात प्रक्रियामा पारदर्शिता सुनिश्चित गर्न सकिन्छ।

नेपालले भारतसँग व्यापार घाटा कम गर्ने विषय उठाउँदा केवल आयात घटाउने कुरा गरेर पुग्दैन। निर्यात बढाउने रणनीति, उद्योग स्थापना, उत्पादन विविधीकरण र बजार विस्तारका लागि सहयोगको माग गर्नुपर्छ।

भारतले नेपालका लागि विशेष आर्थिक तथा औद्योगिक सहकार्य कार्यक्रम सञ्चालन गर्न सक्छ। नेपालका सीमावर्ती क्षेत्रमा संयुक्त लगानीका औद्योगिक पार्क स्थापना गर्न सकिन्छ। नेपाली उत्पादनलाई भारतीय बजारमा प्रवर्द्धन गर्ने व्यापार मेला, डिजिटल मार्केटप्लेस, निर्यात वित्त र लगानी सहजीकरणको संयुक्त संयन्त्र निर्माण गर्न सकिन्छ।

व्यापारमा मित्रताको अर्थ एउटा देशले अर्को देशलाई सामान बेच्नु मात्र होइन, अर्को देशलाई पनि उत्पादन गर्न, रोजगारी सिर्जना गर्न र आर्थिक रूपमा सक्षम बन्न सहयोग गर्नु हो। नेपालले भारतसँग यही अर्थको व्यापारिक मित्रता खोज्नुपर्छ।

नेपालको जलस्रोत देशको सबैभन्दा ठूलो आर्थिक सम्भावनाहरूमध्ये एक हो। जलविद्युत् उत्पादन, सौर्य ऊर्जा, ऊर्जा भण्डारण, प्रसारण लाइन र क्षेत्रीय ऊर्जा व्यापारमा नेपालले दीर्घकालीन रणनीति अपनाउन सके अर्थतन्त्रको स्वरूप परिवर्तन हुन सक्छ।

नेपालमा विद्युत् उत्पादन क्षमता बढ्दै जाँदा आन्तरिक खपत, उद्योग, विद्युतीय यातायात, कृषि प्रशोधन, सूचना प्रविधि र घरेलु ऊर्जा प्रयोगमा विद्युत्को विस्तार गर्न सकिन्छ। उत्पादनभन्दा बढी विद्युत् उपलब्ध हुने समयमा भारत तथा अन्य क्षेत्रीय बजारमा निर्यात गर्न सके विदेशी मुद्रा आर्जन गर्न सकिन्छ।

नेपालले भारतसँग निम्न विषयमा ठोस सहकार्यको माग गर्न सक्छ। जलविद्युत् आयोजनामा नेपाली र भारतीय लगानीको पारदर्शी तथा न्यायोचित साझेदारी, प्रसारण लाइन निर्माणमा सहुलियतपूर्ण वित्तीय सहयोग, नेपालको उत्पादित बिजुलीको दीर्घकालीन र अनुमानयोग्य बजार पहुँच, ऊर्जा खरिद प्रक्रियामा स्थिर नियम र राजनीतिक जोखिम कम गर्ने व्यवस्था, आयोजना प्रभावित क्षेत्रका नागरिकको हित, वातावरणीय संरक्षण र पुनर्वासमा उच्च मापदण्ड, सौर्य ऊर्जा, ब्याट्री भण्डारण तथा ऊर्जा प्रविधिमा संयुक्त अनुसन्धान र नेपालभित्र विद्युत् खपत बढाउने उद्योग स्थापना गर्न भारतीय लगानीको प्रोत्साहन आवश्यक छ।

नेपालले बिजुली बेचेर मात्रै धनी बन्ने सोचभन्दा बिजुली प्रयोग गरेर उत्पादन गर्ने देश बन्ने रणनीति पनि बनाउनुपर्छ। भारतले नेपालको ऊर्जा सम्भावनालाई केवल आफ्ना उपभोक्ताका लागि विद्युत् आपूर्तिको स्रोतका रूपमा होइन, नेपालमा उद्योग, रोजगारी र आर्थिक संरचना निर्माणको अवसरका रूपमा हेर्न सके दुई देशबीचको सहकार्य अझ टिकाउ हुनेछ।

जलविद्युत् आयोजना निर्माण गर्दा नेपालको नदी, वातावरण, जैविक विविधता, स्थानीय समुदाय र प्राकृतिक विपद् जोखिमलाई ध्यानमा राख्न आवश्यक छ। विकासको नाममा नदीको पारिस्थितिक प्रणालीलाई क्षति पुऱ्याउने वा स्थानीय नागरिकलाई लाभबाट वञ्चित गर्ने परियोजना दीर्घकालीन समृद्धिको आधार बन्न सक्दैन।

नेपालको विकासका लागि विदेशी सहायता आवश्यक हुन सक्छ, तर सहायता मात्रै विकासको स्थायी आधार हुन सक्दैन। नेपालले अनुदान, सहुलियतपूर्ण ऋण, प्राविधिक सहयोग र पूर्वाधार निर्माणका लागि भारतसँग सहकार्य गर्न सक्छ। त्यससँगै निजी लगानी, उत्पादन, उद्योग र रोजगारी सिर्जना गर्ने वातावरणलाई प्राथमिकता दिनुपर्छ।

भारतसँग नेपालले लगानीको क्षेत्रमा नयाँ समझदारी बनाउन सक्छ। कृषि प्रशोधन, खाद्य उद्योग, औषधि उत्पादन, सूचना प्रविधि, पर्यटन, ऊर्जा, सिमेन्ट, निर्माण सामग्री, कपडा उद्योग, स्वास्थ्य सेवा र शिक्षा क्षेत्रमा संयुक्त लगानीका सम्भावना छन्।

नेपालमा उत्पादन लागत तुलनात्मक रूपमा प्रतिस्पर्धी बनाउन सकिने कतिपय क्षेत्र छन्। ऊर्जा, श्रम, भूमि, भौगोलिक पहुँच र बजारको आधारमा उद्योग स्थापना गर्न सकिन्छ। तर लगानीकर्तालेस्थिर नीति, स्पष्ट कानुनी व्यवस्था, भ्रष्टाचारमुक्त प्रशासन, सहज कर प्रणाली, सुरक्षित लगानी र नाफा फिर्ता लैजान पाउने सुनिश्चितता खोज्छन्।

भारतले नेपाली उद्योगलाई आफ्नो बजारमा पहुँच दिनुका साथै नेपालमा उत्पादनमूलक उद्योग स्थापना गर्न भारतीय निजी क्षेत्रलाई प्रोत्साहन गर्न सक्छ। तर लगानीको नाममा नेपाल केवल कच्चा पदार्थ उपलब्ध गराउने, सस्तो श्रम दिने वा बजार बन्ने भूमिकामा सीमित हुनु हुँदैन। नेपालले प्रविधि हस्तान्तरण, स्थानीय रोजगारी, नेपाली व्यवस्थापनको सहभागिता, स्थानीय उत्पादनको मूल्य अभिवृद्धि र निर्यातको सुनिश्चितता खोज्नुपर्छ।

भारतसँग संयुक्त लगानीको परियोजना बनाउँदा स्थानीय समुदायलाई लाभ पुग्ने व्यवस्था पनि अनिवार्य हुनुपर्छ। उद्योगले स्थानीय युवालाई सीप तालिम दिने, नेपाली प्राविधिकलाई नेतृत्वको अवसर दिने, वातावरणीय मापदण्ड पालना गर्ने र स्थानीय अर्थतन्त्रसँग सम्बन्ध स्थापित गर्ने हो भने लगानीको सामाजिक प्रभाव बलियो हुन्छ।

भारतले नेपालमा लगानी गर्दा नेपाली उद्योगलाई प्रतिस्थापन गर्नेभन्दा नेपाली उद्योगसँग साझेदारी गर्ने रणनीति अपनाउन सके दुई देशबीचको आर्थिक सम्बन्ध अझ समान र दीर्घकालीन हुनेछ।

नेपालले आफ्नो आर्थिक कूटनीतिको नयाँ परिभाषा स्थापित गर्नुपर्छ–हामी अनुदान माग्ने देश मात्रै होइनौँ; हामीसँग बजार, प्राकृतिक स्रोत, युवा जनशक्ति, पर्यटन, ऊर्जा र क्षेत्रीय व्यापारको सम्भावना छ। ती सम्भावनालाई विश्वासिलो नीतिमा रूपान्तरण गर्न सक्ने देश हौँ।

नेपालको ठूलो जनसंख्या कृषि तथा कृषि आधारित गतिविधिमा निर्भर छ। तर कृषि उत्पादनमा वृद्धि, आधुनिक प्रविधिको प्रयोग, सिँचाइ, मल, बीउ, बजार व्यवस्थापन, भण्डारण र प्रशोधनमा अझै धेरै सुधार आवश्यक छ।

भारतसँग नेपालको कृषि सम्बन्ध ऐतिहासिक रूपमा गहिरो छ। सीमावर्ती क्षेत्रका किसान, व्यापारी, कृषि श्रमिक र बजारबीच लामो समयदेखि सम्बन्ध कायम छ। तर यो सम्बन्धलाई व्यवस्थित, आधुनिक र किसानमैत्री बनाउन सकिन्छ।

नेपालले भारतसँग कृषि अनुसन्धान तथा विकासमा संयुक्त कार्यक्रम सञ्चालन गर्न माग गर्नुपर्छ। उन्नत बीउ, रोग नियन्त्रण, कृषि यान्त्रीकरण, सिँचाइ प्रविधि, जलवायु अनुकूल कृषि, माटो परीक्षण, मल व्यवस्थापन र कृषि उत्पादनको गुणस्तर सुधारमा सहयोग प्राप्त गर्न सकिन्छ।

सीमावर्ती क्षेत्रमा कृषि अनुसन्धान केन्द्र र कृषि प्रविधि प्रशिक्षण केन्द्र स्थापना गर्न सकिन्छ। नेपालका किसानलाई आधुनिक खेती, बजारमुखी उत्पादन, जैविक कृषि, उच्च मूल्यका बाली, फलफूल, तरकारी, मसला र पशुपालनमा प्रशिक्षण दिन सकिन्छ।

विशेषगरी मधेशका किसानका लागि सिँचाइको व्यवस्थापन, भूमिगत जलको दिगो उपयोग, वर्षाको पानी संकलन, नहर प्रणालीको सुधार, कृषि विद्युतीकरण, बाली विविधीकरण र कृषि प्रशोधन अत्यन्त महत्त्वपूर्ण छन्। भारतले प्राविधिक तथा वित्तीय सहयोगमार्फत मधेशका कृषि क्षेत्रमा आधुनिक सिँचाइ प्रणाली विकास गर्न सक्छ।

किसानले धान उत्पादन गरेपछि उचित मूल्य नपाउने, बाली बेच्न बजार खोज्नुपर्ने, भण्डारणको अभावमा सस्तोमा बेच्नुपर्ने र उत्पादन लागत बढ्दै जाने समस्या समाधानका लागि संयुक्त कृषि बजार, गोदाम, शीतभण्डारण र कृषि सहकारीलाई बलियो बनाउने कार्यक्रम आवश्यक छ।

ज्योतिष-मार्गदर्शन



प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : पिता वा गुरुजनबाट सहयोग मिल्ने छ र नयाँ अनुभव प्राप्त गर्न शुभ समय छ।
वृष : आत्मनिरिक्षण र आत्म-खोजका लागि शुभ समय हो।
मिथुन : अरुको दृष्टिकोण बुझ्न र सम्झौता गर्न तयार रहनुहोस् ।
कर्कट : उत्पादकत्व बढाउन र बाँकी कामहरु पूरा गर्न शुभ दिन हो ।
सिंह : रमाइलो र मनोरञ्जनका लागि राम्रो छ।
कन्या : प्रियजनहरुसंग समय बिताउन शुभ दिन हो ।
तुला : छोटो यात्रा लाभदायक हुन सक्छ ।
वृश्चिक : पैसा व्यवस्थापन गर्न र व्यावाहारिक निर्णय लिन शुभ दिन हो ।
धनु : तपाई उर्जावान र आत्मविश्वासी महसुस गर्नुहुनेछ ।
मकर : आराम गर्नुहोस् र आफूलाई रिजार्च गर्नुहोस्। अनावश्यक खर्चबाट बच्नुहोस्।
कुम्भ: साथीभाइको सहयोग मिल्ने छ र नयाँ सम्बन्धहरु स्थापित हुनेछन् ।
मीन: व्यावसायिक वृद्धि र सकारात्मक प्रभाव पार्ने शुभ दिन हो ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१☎☎

बारुणा यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९,४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

नेपाल रेल्वेको समय तालिका

जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

एशिया कपमा नेपालको पहिलो जीत

टुडे समाचारदाता

जनकपुरधाम । नेपालले कतारमा जारी राइजिङ स्टार्स एसिया कपमा पहिलो जीत दर्ता गरेको छ । कुशल भुर्तेलको अर्धशतकीय इनिङ्स र कप्तान सन्दीप लामिछानेको उत्कृष्ट बलिङ प्रदर्शनमा जीत दर्ज गरेको हो ।

आइतबार भएको खेलमा नेपालले यूएईलाई ६ विकेटले पराजित गर्दै प्रतियोगितामा पहिलो जित निकालेको हो । यूएईले दिएको १२२ रनको सामान्य लक्ष्य नेपालले २२ ओभरमा ४ विकेट गुमाएर पूरा गर्यो ।

नेपालको जितमा कुशल भुर्तेलले सर्वाधिक ५७ रनको योगदान दिए । उनले ५६ बलमा ६ चौका र एक छक्का प्रहार गरे । मयन यादवले २७ तथा बसिर अहमदले अविजित १८ रन बनाए । यूएईका मुहम्मद मोहसिनले २ विकेट लिए भने उदीस सुरी र अंश टन्डनले समान एक-एक विकेट हात पारे ।



यसअघि टस हारेर पहिले ब्याटिङ गरेको यूएई नेपाली बलरको कसिलो बलिङसामु ३९.५ ओभरमा १२१ रनमै समेटिएको थियो ।

यूएईका मोहम्मद शाहदादले सर्वाधिक ४० रन बनाउँदा हरप्रीत सिंह भाटियाले ३२ र नूर उल्लाह अयोबीले १२ रन जोडेका थिए ।

नेपालका लागि कप्तान सन्दीप लामिछानेले उत्कृष्ट बलिङ गर्दै १० ओभरमा मात्र ११ रन खर्चिएर ३ विकेट लिए । उनले आफ्नो स्पेलमा ३ ओभर मेडनसमेत राखेका थिए । यस्तै, कुशल भुर्तेलले पनि ३ विकेट लिए भने नन्दन यादव, रासिद खान र ललित राजवंशीले समान एक-एक विकेट झारे ।

प्रतियोगिताको पहिलो खेलमा भारत 'ए' विरुद्ध निराशाजनक प्रदर्शन गरेको नेपाल २६ रनमै अलआउट भएको थियो । उक्त खेलमा नेपाल ३०६ रनको फराकिलो अन्तरले पराजित भएको थियो ।

नेपालले अब प्रतियोगिताअन्तर्गत मंगलबार पाकिस्तानसँग प्रतिस्पर्धा गर्नेछ । यूएईविरुद्धको जितले नेपाललाई प्रतियोगितामा पुनरागमन गर्ने अवसर दिएको हो ।

कार्यसम्पादन मूल्यांकनमा रौतहट पहिलो

टुडे समाचारदाता

रौतहट । गत कात्तिक महिनाको कार्यसम्पादन मूल्यांकनका आधारमा रौतहट जिल्ला प्रहरी कार्यालय देशभरमै पहिलो हुन सफल भएको छ ।

नेपाल प्रहरी प्रधान कार्यालयद्वारा गठित मूल्यांकन समितिले गरेको मासिक कार्यसमीक्षाका आधारमा रौतहट जिल्ला प्रहरी कार्यालय कात्तिक महिनामा उत्कृष्ट हुन सफल भएको हो ।

नेपाल प्रहरीको केन्द्रीय अभिलेख प्रणालीमार्फत कार्यसम्पादन मूल्याङ्कन गर्ने उद्देश्यले निर्धारण गरिएका विभिन्न सूचक तथा तालुक कार्यालयबाट प्राप्त मूल्याङ्कन समेतका आधारमा उत्कृष्ट नतिजासहित शीर्ष स्थानमा उक्लिन सफल भएको रौतहट प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक सीताराम रिजालले जानकारी दिए ।

रौतहट प्रहरी प्रमुख रिजालका अनुसार प्रहरी प्रधान कार्यालयले स्पष्ट सूचकसहित कार्यसम्पादन समीक्षाका आधारमा मातहतका कार्यालयलाई 'क' श्रेणी (उत्कृष्ट), 'ख' श्रेणी (सन्तोषजनक) र 'ग' श्रेणी (सुधार गर्नुपर्ने) गरी वर्गीकरण गरेकामा यस वर्ष रौतहट 'क श्रेणी'मा पर्न सफल भएको हो ।

जिल्लाको यसकिसिमको उपलब्धिलाई संस्थागत कार्यकुशलता, व्यावसायिक दक्षता, अनुशासन, जिम्मेवारी बोध तथा नागरिक सेवाप्रतिको समर्पणको परिणाम भएको जिल्ला प्रहरी कार्यालय रौतहटले स्पष्ट गरेको छ ।

यसका साथै, सफलता हासिल गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउने सम्पूर्ण प्रहरी कर्मचारी, मातहतका प्रहरी इकाइ तथा समन्वय र सहकार्य गर्ने सरोकारवाला निकायहरूप्रति रौतहट प्रहरी कार्यालयले आभार व्यक्त गरेको छ ।

यसै सन्दर्भमा प्रहरी उपरीक्षक रिजालले आफ्नो नेतृत्वमा आगामी दिनमा समेत जिल्लाको शान्तिसुरक्षा, अमनचयन कायम राख्दै सेवा प्रवाहलाई अझ प्रभावकारी, पारदर्शी, जवाफदेही र नागरिकमैत्री बनाइराख्ने प्रतिबद्धता व्यक्त गरे ।

विद्यापति पर्व सम्पन्न



टुडे समाचारदाता

जनकपुरधाम । मैथिली भाषा, साहित्य, कला तथा संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले प्रत्येक वर्ष झैं यसवर्षपनि जनकपुरधाममा विद्यापति स्मृति पर्व-२०८३ मनाइएको छ ।

विद्यापति चोकस्थित दुर्गा मन्दिर परिसरमा विद्यापति स्मृति पर्व समारोह समितिको आयोजनामा पर्व मनाइएको हो । कार्यक्रममा सहभागी वक्ताहरूले महाकवि विद्यापतिको योगदानको स्मरण गर्दै मैथिली भाषा, साहित्य र मिथिलाको मौलिक संस्कृतिको संरक्षणमा जोड दिएका थिए । कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहले भाषा, साहित्य, कला र संस्कृतिको संरक्षणसँगै सामाजिक सद्भाव कायम गर्न यस्ता सांस्कृतिक पर्वको महत्वपूर्ण भूमिका रहने बताए ।

उनले आफ्नो मौलिक पहिचानप्रति गर्व गर्दै भाषा र संस्कृतिलाई व्यवहारमै जीवन्त राख्नुपर्ने आवश्यकता औंल्याए । यस्ता सांस्कृतिक गतिविधिले सामाजिक एकता, सांस्कृतिक सद्भाव र नयाँ पुस्तामा आफ्नो मौलिक पहिचानप्रतिको चेतना अभिवृद्धि गर्न सहयोग पुग्ने उनको भनाइ थियो । विद्यापति स्मृति पर्व समारोह समितिका अध्यक्ष कौशल किशोर मिश्रको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मैथिली भाषा, साहित्य तथा संस्कृतिको वर्तमान अवस्था, संरक्षण र पुस्तान्तरणका विषयमा समेत चर्चा गरिएको थियो ।

महाकवि विद्यापतिको साहित्यिक योगदानलाई नयाँ पुस्तासम्म परिचित गराउनुका साथै मैथिली भाषा, साहित्य र मिथिलाको मौलिक सांस्कृतिक सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले पर्व आयोजना गरिएको आयोजकले जनाएको छ ।

विदेशमा आर्जित रकम र सीप उद्यममा लगाउँदै मनिषकुमार

महोत्तरी । लाउँलाउँ खाउँखाउँको किशोर र जवानीको उमेर विदेशमा पसिना बगाउनुभएका महोत्तरीको सोनमा-५ खैरवनीका ३४ वर्षीय मनिषकुमार यादवले आर्जित रकम र सीपलाई उद्यममा लगाउनुभएको छ । अल्लारे १६ वर्षीय किशोर उमेरबाटै भारतको चण्डीगढ, मद्रास र मलेसिया तथा कुवेतमा गरी १५ वर्ष विदेशमा बिताउनुभएका उहाँले आर्जित रकम र सीपलाई अब आफ्नै ठाउँमा च्याउ (तरकारी विशेष) उत्पादनको उद्यममा लगाउनुभएको हो ।

"अब जे सिकैं र जे आर्जन गरैं, यहीं लगाउने निधो गरेर च्याउ उत्पादन गर्ने उद्यम थाले", मनिषकुमार भन्नुहुन्छ, "विदेशमा पनि यसबारे अनुभव सँगालेको थिएँ, देश फर्केपछि सरकारले सञ्चालन गरेको च्याउखेतीसम्बन्धी १५ दिने तालिम लिएपछि म ढुक्क भएर काममा लागेको हुँ ।" जिल्लाको भारतीय सीमावर्ती बस्तीका उहाँले च्याउको बजार र मागको सर्वे गरेपछि उद्योग भने बर्दिबासमा सञ्चालन गर्नुभएको छ ।

"अहिले पाँच कट्ठा जग्गा पाँच वर्षको करारमा लिएर उद्योग सुरु गरेको छु, आफ्नो सीप र अनुभवसँगै कृषि विषय नै अध्ययन गरेका दक्ष प्राविधिक भाञ्जा विकास यादवको साथ छ", उहाँ भन्नुहुन्छ, "बजारसँग सम्पर्क र समन्वय छ, प्रत्येक महिना दुई क्विन्टल च्याउ बजार जानेगरी काम थालेको छु ।"

करारको जग्गा बर्सेनि रु १० हजारमा पाइएको र उद्योग सञ्चालन गर्दासम्म रु छ लाख लागत पुगेको मनिषकुमारको भनाइ छ । "मैले कतै ऋण गर्नुपरेको छैन, आफ्नै कमाइ हो", उहाँ भन्नुहुन्छ, "अब बाँकी जीवन घरपरिवारका बाबु, आमा, पत्नी र छोराछोरीसँग यतै बिताउने निधोसाथ काम थालेको छु ।"

तरिका पुर्याएर खेती गरिए यसबाट अपेक्षित उत्पादन लिन सकिने उहाँको विश्वास छ । च्याउको अहिले व्यापारीले लाने दर प्रतिकिलो रु १७५ र खुद्रा बिक्री रु २०० प्रतिकिलो रहेको मनिषकुमारको भनाइ छ ।

मधेशका लागि च्याउका प्रचलित चारपाँच जातमध्ये यहाँ कन्ने जात बढी फस्टाउने हुँदा आफूले प्रारम्भ यसैबाट गरेको मनिष बताउनुहुन्छ । जाडो याममा यसको उत्पादन राम्रो लिन सकिने हुँदा फागुनसम्म १० क्विन्टल उत्पादन लिने उहाँको लक्ष्य छ । जाडोभरि प्राकृतिक रूपमै उपयुक्त तापक्रम रहने र गर्मी याममा भने ताप व्यवस्थापन गरिँदा वर्षभरि नै च्याउ उत्पादन लिन सकिने उहाँको भनाइ छ ।



"मुख्य कुरा उत्पादन र बजारको हो, यसको बजार बर्दिबासदेखि पूर्व इटहरीसम्म जोडेका छौं, मागकर्ताले उत्पादितस्थलबाटै लिएर जाने हुँदा ढुवानीको झन्झट रहँदैन", मनिषकुमार भन्नुहुन्छ, "उद्योग स्थापनाताका बाह्य जनशक्ति लगाउन परे पनि अबका नियमित काम आफ्नै घरपरिवारबाट गर्दैछौं ।" अन्य घरायसी काम नभएका बेला परिवारका सबै यस काममा लाग्नसक्ने हुँदा सबैलाई उत्पादनसँग प्रत्यक्ष जोड्न पाइएको उहाँको भनाइ छ ।

योजनाबद्ध काम थालिए सानै पुँजीमा पनि उद्यम सञ्चालन गर्न सकिने हुँदा विदेशमा हासिल गरेको सीप र अनुभव आफ्नै ठाउँमा ढाल्न सकिन्छ । यो देखाउन पनि आफूले उद्यम स्थापना गरेको मनिषकुमारको भनाइ छ । यो उद्यम स्थापनाका लागि कच्चापदार्थ (घर बनाउन बाँस, घेरबेरका लागि खर र झुत्रा बोरा आदि) अधिकांश आफ्नै वरपर पाइने चिज छन् । उत्पादन लिन चाहिने मुख्य कच्चा पदार्थ पराल र गहुँको भुस जति पनि सरल मूल्यमा आफ्नै वरपर पाइने भएपछि बीउ र केही औषधिमात्र बजारको भरपर्दो ठाउँबाट ल्याउनुपरेको उहाँ बताउनुहुन्छ ।रासस

आस्था बचत तथा ऋण सहकारी संस्था लि.

Aastha Saving & Credit Co-operative Society Ltd.

NEFSCUN

प्र.का: जनकपुरधाम-११, धनुषा, मधेश प्रदेश

सेवा केन्द्र क्षीरेश्वरनाथ न.पा.-३. महेन्द्रनगर, धनुषा

१७ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस संस्थाको मिति २०८३/०८/०६ गते, आइतबार बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको १७ औं वार्षिक साधारण सभा संघीय सहकारी ऐन-२०७४ को परिच्छेद ६ को दफा ४० को उपदफा ५, प्रदेश सहकारी ऐन, प्रदेश सहकारी नियमावली, संस्थाको संशोधन सहित पुनर्लेखन गरिएको विनियम, प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयले विभिन्न समयमा जारी गरेको निर्देशन अनुसार निम्न अनुसारको प्रस्तावहरुमाथि छलफल गरी पारित गर्नका लागि तपसिल अनुसारको प्रक्रियाहरू अवलम्बन गर्दै गरिने भएकाले सबै सेयर सदस्य महानुभावहरुलाई साधारण सभाको इकाइ साधारण सभामा सहभागिताका लागि हार्दिक अनुरोध गरिन्छ ।

निर्णयार्थ प्रस्तुत हुने प्रस्तावहरू:

१. सञ्चालक समितिको ०८२/०८३ को वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. आ.व. ०८२/०८३ को वार्षिक लेखा परीक्षण प्रतिवेदन र वित्तीय प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३. आ.व. ०८३/०८४ को प्रस्तावित नीति तथा कार्यक्रम र बजेट स्वीकृत गर्ने सम्बन्धमा ।
४. लेखा सुपरिवेक्षण समिति तथा ऋण उप-समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
५. आ.व. ०८३/०८४ को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्बन्धमा ।
६. संस्थाको भवन निर्माण खर्च अनुमोदन र स्वीकृत गर्ने सम्बन्धमा ।
७. सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिलाई अनुमोदन गर्ने सम्बन्धमा ।
८. एकाई साधारण सभाको निर्णय र अन्तिम निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि छनौट सम्बन्धमा ।
९. आन्तरिक कार्यविधि र नीति संशोधन तथा पुनरलेखन पारित गर्ने सम्बन्धमा ।
१०. निर्वाचन सम्बन्धमा ।
११. सम्पति शुद्धिकरण निवारण प्रतिवेदन सम्बन्धमा ।
१२. कानुनी प्रकृया अपनाई संस्थाको लेना रकम असुल गर्ने सम्बन्धमा ।
१३. ऋण उपसमितिको प्रतिवेदन प्रस्तुत र पारित गर्ने सम्बन्धमा ।
१४. संचालक समिति, लेखा परिवेक्षण समिति लगायत उप समितिको बैठक भत्ता तथा प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक सम्बन्धमा ।
१५. प्रधान कार्यालय तथा सेवा केन्द्रहरूको बैंक खाता सञ्चालक परिवर्तन गर्न, बैंक खाता बन्द गर्न, QR Code लिन तथा SMS Service लिन स्वीकृतिको लागि अख्तियारी दिने सम्बन्धमा ।
१६. विशेष प्रस्तावहरु सम्बन्धमा ।
१७. विविध ।

पुनश्च:

१. एकाईहरुको विस्तारित बैठक सम्बन्धी सूचना संस्थाद्वारा सूचना पाटीमा टाँस गरी तथा सामाजिक सञ्जाल र विद्युतीय माध्यमबाट जानकारी गराईनेछ ।
२. साधारण सभाको बैठकमा भाग लिन आउंदा सदस्यता परिचयपत्रका सदस्यता खुल्ने कागजात सहित सदस्य स्वयं उपस्थित हुनुपर्नेछ ।
३. सदस्यहरुले आफ्नो सुझाव सलाह निर्णय प्रमाणिकरण सभा भन्दा अगावै संस्था लिखित वा मौखिक रुपमा उपलब्ध गराउन सकिनेछ ।
४. एकाई बैठकबाट छानिनु हुने सदस्यहरु मिति २०८३ साल पौष १८ गते शनिवार निर्णय प्रमाणिकरण सभामा अनिवार्य सहभागी हुनुपर्नेछ ।

तपसिल

कार्यक्रम हुने मिति, समय र स्थान

मिति: २०८३ साल पौष १५ गते बुधवार

समय: दिनको ११:०० बजे

स्थान : जनकपुरधाम उद्योग वाणिज्य संघ, (व्यापार संघको सभा हल), जनकपुरधाम, धनुषा

प्रमुख कार्यकारी अधिकृत

नगराईन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

नगराईन, धनुषा

मधेश प्रदेश नेपाल

करारमा पदपूर्ति गर्ने सम्बन्धमा

प्रथम पटक प्रकाशित मिति : २०८३/०८/०७

नगराईन नगरपालिका अन्तर्गत म स्वस्थ, मेरो समुदाय स्वस्थ्यः घर टोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रमका लागि, आधार भूत स्वास्थ्य केन्द्रहरुका लागि र सुरक्षित आप्रवासन (SaMi) कार्यक्रमका लागि निम्न सेवाको पदमा खुला प्रतियोगितात्मक परीक्षाबाट करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले तपशिल अनुसारको योग्यता भएका इच्छुक नेपाली व्यक्तिले प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तोकिएको परिक्षा दस्तुर बुझाएको राजश्व रसिद (अनलाईन बुझाएको सो को भौचर) सहित यस नगराईन नगरपालिका नगर कार्यपालिकाको कार्यालय, नगराईन, धनुषामा दरखास्त दिनका लागि यो सुचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त भएको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

तपशिल

क्र.सं.	विज्ञापन नं.	पद	तह	सेवा प्रकार	मांग	परिक्षा दस्तुर
१	०१-२०८३/०८४	जनस्वास्थ्य अधिकृत	सातौं	करार	१	१०००
२	०२-२०८३/०८४	हे.अ.	पाँचौ	करार	४	७००
३	०३-२०८३/०८४	अ.न.मी./स्टाफ नर्स	चौथो/पाँचौ	करार	४	७००
४	०४-२०८३-०८४	मनोसामाजिक परामर्शकर्ता	पाँचौ	करार	१	७००

१. आवश्यक न्यनतम योग्यता, अनुभव र उमेर

पद/तह	आवश्यक शैक्षिक योग्यता	उमेर
जनस्वास्थ्य अधिकृत	मान्यता प्राप्त शैक्षिक संस्थाबाट द्यएज कोर्स उतिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भई नविकरण गरेको ।	पुरुषको हकमा कम्तिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८
हे.अ.	मान्यता प्राप्त शैक्षिक संस्थाबाट हे. अ. (जेनरल मेडिसिन) कोर्स उतिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भई नविकरण गरेको ।	वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
अ.न.मी./ स्टाफ नर्स	मान्यता प्राप्त शैक्षिक संस्थाबाट अनमी/स्टाफ नर्स कोर्स उत्तीर्ण गरी नेपाल नरसिंग काउन्सिलबाट दर्ता प्रमाणपत्र प्राप्त गरेको र नविकरण भएको ।	
मनोसामाजिक परामर्शकर्ता	मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्धालयवाट पब्लिक हेल्थ/नर्सिङ/ मनोविज्ञान/समाजशास्त्र/ सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलीङ उत्तीर्ण गरेको	पुरुषको हकमा कम्तिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

२. आवश्यक कागजातहरू

- दरखास्त पाउने स्थान नगराईन नगरपालिका नगर कार्यपालिकाको कार्यालय नगराईन, धनुषा वा वेवसाइट www.nagrainmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।
- दरखास्त दिने अन्तिम मिति २०८३/०८/२१ गते कार्यालय समयभित्र । (दरखास्त दिने दिनको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको अर्को दिन दिनको १२ बजे सम्म मात्र)
- छनौटको किसिम प्रारम्भिक योग्यता क्रमको सुची प्रकाशन, लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।
- लिखित परीक्षाको पाठ्यक्रम मधेश प्रदेशको प्रदेश लोक सेवा आयोगले समान तह र पदको लागि निर्धारण गरेबमोजिम हुनेगरी ६० अंकको (प्रत्येक प्रश्न अंक भार समान २ रहनेगरी कुल ३० वटा) बहु बैकल्पिक प्रश्न सोधिनेछ ।
- **आवेदन तथा संलग्न कागजातहरु** : कार्यालयले तयार गरेको आवेदन फारम रित पुर्वक भरी आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरू :-
  - नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, न्यूनतम् शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाण पत्रको प्रिलिपि, काउन्सिल / परिषद दर्ता तथा नविकरण प्रमाण पत्रको प्रतिलिपि, अनुभव खुल्ने कागजातको प्रतिलिपि र २ प्रति पासपोर्ट आकारको फोटो ।
- विज्ञापन नं ०४-२०८३/०८४ को हकमा मनोसमाजिक परामर्श सम्बन्धि ६ महिने तालिम प्राप्तगरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाणपत्र भएकोलाई विशेष प्राथमिकता दिइनेछ ।
- कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, PowerPoiint, Email/Internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने ।
- **सेवा सुविधा** : करार सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ ।

गर्भमहिलाको मृत्युपछि अस्पतालमा तोडफोड



टुडे समाचारदाता

मलंगवा । सर्लाहीको बरहथवा नगर अस्पतालमा उपचारका क्रममा नौ महिनाकी गर्भवती महिलाको मृत्यु भएपछि आक्रोशित आफन्तले आगजनी तथा तोडफोड गरेका छन् । प्रदर्शनकारीहरूले अस्पतालको आकस्मिक (इमर्जेन्सी) कक्षमा आगो लगाउनुका साथै भौतिक संरचनामा तोडफोड गरेका हुन्।

बरहथवा नगरपालिका-५, हात्तीढुंगा पानीट्यांकी टोलकी २१ वर्षीया सीमा रामदेवीको उपचारका क्रममा मृत्यु भएपछि तनाव सिर्जना भएको हो । तीन दिनदेखि बिरामी परेकी नौ महिनाकी गर्भवती रामदेवीको बरहथवा नगर अस्पतालमा उपचार भइरहेको थियो ।

प्रहरीका अनुसार शनिबार साँझ करिब ६:०० बजे उपचारकै क्रममा उनी अचानक बेहोस भएकी थिइन्। चिकित्सकको लापरबाहीका कारण बिरामीको अवस्था जटिल बनेको आरोप लगाउँदै आफन्तले अस्पताल परिसरमा तोडफोड र आगजनी सुरु गरेका थिए ।

अवस्था गम्भीर बनेपछि उनलाई थप उपचारका लागि रौतहटको चन्द्रनिगाहपुरस्थित अस्पताल लगिएको थियो । तर, त्यहाँका चिकित्सकले राति १० :५३ बजे उनलाई मृत घोषणा गरेका थिए। मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवा पठाइएको प्रहरीले जनाएको छ।

आगजनीका कारण बरहथवा नगर अस्पतालको इमर्जेन्सी कक्षमा व्यापक क्षति पुगेको छ। सुरक्षाकर्मी र स्थानीयको सहयोगमा आगो पूर्ण रूपमा नियन्त्रणमा लिइएको प्रहरीले बताएको छ । आगजनी र तोडफोडबाट अस्पतालमा करिब ३० लाख रुपैयाँ बराबरको भौतिक क्षति भएको अस्पतालका सूचना अधिकारी राजेश गुप्ताले जानकारी दिए ।

घटनामा संलग्न रहेको आरोपमा प्रहरीले चार जनालाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय सर्लाही पठाएको छ । तर, आगजनीमा संलग्न रहेको आरोप लागेका अस्पतालकै करार कर्मचारीद्वय धिरज महरा र सुरेश महरा भने फरार रहेको र उनीहरूको तीव्र खोजी भइरहेको प्रहरीले जनाएको छ।

घटनापछि सम्भावित अप्रिय अवस्था आउन नदिन अस्पताल क्षेत्रको सुरक्षा व्यवस्था कडा पारिएको छ । घटनास्थलमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको टोली परिचालन गरिएको छ भने आइतबार बिहानसम्म क्षेत्रको अवस्था सामान्य बनेको प्रहरीले जनाएको छ।

मृतक महिलाको मृत्यु चिकित्सकीय लापरबाहीका कारण भएको हो वा अन्य स्वास्थ्य जटिलताले भन्ने विषयमा भने आधिकारिक पुष्टि हुन बाँकी रहेको र पोस्टमार्टम रिपोर्ट तथा छानबिनपछि मात्र सत्यतथ्य बाहिर आउने प्रशासनले जनाएको छ।

जनकपुरधाम–अयोध्या रेल सेवाले दुई देशको सम्बन्ध थप बलियो : मुख्यमन्त्री योगी



टुडे समाचारदाता

जनकपुरधाम । भारत उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले जनकपुरधाम–अयोध्या रेल सेवा संञ्चालनले अयोध्या र मिथिलाबीचको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्बन्धलाई थप बलियो बनाउने विश्वास व्यक्त गरेका छन ।

अयोध्याबाट जनकपुरधामसम्म चल्ने सरयू-कमला एक्सप्रेस रेल सेवा सञ्चालनको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आदित्यनाथले अयोध्या र मिथिला दुई संस्कृतिको पवित्र पौराणिक मिलन भएको उल्लेख गरे ।

उनले प्रधानमन्त्री नरेन्द्र मोदीलाई रेल सेवा सञ्चालनका लागि धन्यवाद दिँदै नेपालका प्रधानमन्त्री बालेन्द्र शाहको उपस्थितिलाई स्वागतयोग्य ऐतिहासिक क्षणका रूपमा व्याख्या गरे ।

'सरयूको पवित्र जलले सिञ्चित अयोध्या र कमलाको पवित्र जलले सिञ्चित माता जानकीको भूमि जनकपुरलाई जोड्ने यो रेल सेवा विरासत र विकासको अद्भुत सङ्गम हो,' उनले भने ।

सो रेल सेवाबाट नेपालका श्रद्धालुलाई अयोध्या पुगेर रामललाको दर्शन गर्न तथा भारतका श्रद्धालुलाई जनकपुरधाम पुगेर माता जानकीको दर्शन गर्न सहज हुने उनले विश्वास व्यक्त गरे । मुख्यमन्त्री योगीले भारत र नेपालबीचको सम्बन्ध हजारौँ वर्ष पुरानो रहेको उल्लेख गर्दै यसलाई आस्था, आत्मीयता र पारिवारिक सम्बन्धले जोडिएको 'रोटी-बेटी'को सम्बन्धका रूपमा चित्रण गरे ।

राम-लक्ष्मण महर्षि विश्वामित्रसँग मिथिला पुगेको र त्यसपछि राजा दशरथ जन्ती लिएर जनकपुर आएको पौराणिक प्रसंग स्मरण गर्दै उनले विवाहपञ्चमीजस्ता पर्वले आज पनि दुई देशको सांस्कृतिक सम्बन्धलाई जीवन्त राखेको बताए ।

'अयोध्याका मानिस आज पनि जनकपुरलाई ससुराली भन्छन् भने मिथिलाका मानिस भगवान् श्रीरामलाई पाहुन भनेर सम्मान गर्छन्,' उनले भने ।

उनले राममन्दिरको प्राणप्रतिष्ठाका बेला जनकपुरधामबाट सयौँ श्रद्धालु उपहारसहित अयोध्या पुगेको प्रसंग स्मरण गर्दै रामजन्मभूमि आन्दोलनदेखि मन्दिर निर्माणसम्म नेपाली सन्त, युवा, महिला तथा श्रद्धालुको योगदान स्मरणीय रहेको भने ।

मुख्यमन्त्री योगीले भारत-नेपाल सम्बन्ध धार्मिक तथा सांस्कृतिक क्षेत्रमा मात्रै सीमित नरहेको भन्दै व्यापार, शिक्षा, स्वास्थ्य, रोजगारी र यातायातमा समेत दुवै देशबीच गहिरो सम्बन्ध रहेको बताए ।

नेपालसँग उत्तर प्रदेशका सात जिल्ला–पीलीभीत, लखीमपुर खीरी, बहराइच, श्रावस्ती, बलरामपुर, सिद्धार्थनगर र महाराजगञ्जले करिब ६०० किलोमिटर सीमा साझा गर्ने उल्लेख गर्दै उनले

मोतिहारी अमलेखगंज पेट्रोलियम पाइपलाइन हस्तान्तरण

टुडे समाचारदाता

जनकपुरधाम । प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) को दुई दिने भारत भ्रमण क्रममा भारतले मोतिहारी-अमलेखगञ्जपेट्रोलियम पाइपलाइन परियोजनाको दोस्रो चरणको उद्घाटन गरी नेपाललाई हस्तान्तरण गरेको छ।



प्रधानमन्त्री शाह र समकक्षी नरेन्द्र मोदीले रिमोट थिचेर भर्चुअल रूपमा संयुक्त उद्घाटन गरेपछि भारतले नेपाललाई उक्त परियोजना हस्तान्तरण गरेको हो ।

त्यसैगरी सिलिगुडी-झापा पेट्रोलियम अलस्टोरेज ग्रिनफिल्ड टर्मिनल पनि शिलान्यास भएको छ । करिब १२ अर्ब ४४ करोड ७३ लाख रुपैयाँ (२ अर्ब ७८ करोड भारु पाइपलाइन र ५ अर्ब भारु टर्मिनल) प्रारम्भिक लागत अनुमानित यो आयोजना पाँच वर्षभित्र सक्ने लक्ष्य छ, जसले ढुवानी खर्च ४० देखि ५० प्रतिशतसम्म घटाउने ईआईए प्रतिवेदनले देखाएको छ ।

नेपाल आयल निगम र इन्डियन आयल कर्पोरेसन (आईओसी) को साझेदारीमा अघि बढाइएका यी दुईवटै पूर्वाधार सम्पन्न भएपछि मुलुकको इन्धन ढुवानी लागत घट्नुका साथै ऊर्जा सुरक्षा र आपूर्ति प्रणालीमा आमूल सुधार आउने अपेक्षा छ ।

सीमावर्ती क्षेत्रमा सडक, रेल तथा व्यापारिक पूर्वाधार विस्तार भइरहेको जानकारी दिए ।

उनका अनुसार रुपैडिहा क्षेत्रमा ल्यान्ड पोर्ट निर्माण, लखनउ-रुपैडिहा करिडोरअन्तर्गत सडक विस्तार तथा सोनौली-भैरहवा एकीकृत जाँच चौकी निर्माणजस्ता योजनाले दुई देशबीचको आवागमन र व्यापारलाई सहज बनाउनेछन् ।

उनले अयोध्याबाट सीतामढी हुँदै जनकपुरतर्फ जाने श्रीराम-जानकी मार्ग निर्माणको कामले पनि दुई देशबीचको सम्पर्कलाई थप विस्तार गर्ने बताए । भगवान् बुद्धको जन्मस्थल लुम्बिनीदेखि उत्तर प्रदेशका सारनाथ, श्रावस्ती र कुशीनगरसम्मको बौद्ध सम्पदाले पनि भारत र नेपाललाई आध्यात्मिक रूपमा जोडेको उनले भने ।

मुख्यमन्त्री योगीले अयोध्यामा पछिल्लो समय सडक, रेल तथा हवाई पूर्वाधारमा व्यापक विकास भएको उल्लेख गर्दै महर्षि वाल्मीकि अन्तर्राष्ट्रिय विमानस्थल र आधुनिक रेल सेवाले अयोध्यालाई देश तथा विश्वसँग जोडिरहेको बताए ।

उनले अयोध्या-जनकपुर रेल सेवा केवल यातायातको माध्यम नभई दुई देशका नागरिकबीचको धार्मिक, सांस्कृतिक र पारिवारिक सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने माध्यम बन्ने विश्वास व्यक्त गरे ।

अनुचित लेनदेनमा साह पक्राउ, सुनचाँदी व्यवसायीद्वारा प्रदर्शन

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधामका सुनचाँदी व्यवसायी पक्राउ परेको विरोधामा सुनचाँदी व्यवसायीहरुले प्रदर्शन गरेका छन् ।

सुनचाँदी बजारमा व्यवसायीहरुले प्रहरीविरुद्ध नाराबाजी गर्दै टायर बालेर प्रदर्शन गरेका छन् । उनीहरु विनाको आधारको व्यवसायी साहलाई पक्राउ गरिएको आरोप लगाएका छन । व्यवसायीहरुले सोमवार सुनचाँदी बजार समेत गरेका छन् ।

यता प्रहरीले अनुचित लेनदेन सम्बन्धी परेको मुद्दाको आधारमा पक्राउ गरिएको बताएका छन । धनुषा प्रहरीले जनाए अनुसार अनुचित लेनदेन सम्बन्धी परेको जारेहीको आधारमा अदालतबाट आदेश भई आएकोमा पक्राउ गरिएको हो । अनुसन्धानका लागि म्याद थप गरी अनुसन्धान प्रक्रिया बढाइएको प्रहरीले जनाएको छ ।

घटना के हो ?

पिडीत भनिएका धनुषाको क्षिरेश्वरनाथ नगरपालिका ६ महेन्द्रनगर निवासी सुरेन्द्र



कुमार यादवले ऋण वापत धितो राखिएको जग्गा बिक्री गरिदिएको भनी साह ज्वेलर्सका सञ्चालक शिवशंकर साहविरुद्ध जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएको थियो ।

पीडित यादवले दिएको जाहेरीका आधारमा प्रहरीले शिवशंकर प्रसाद साहलाई आइतवार उनको पसलबाट नियन्त्रणमा लिएको थियो ।

यादवले सञ्चारकर्मीहरुसँग कुरा गर्दै भने 'मैले एक करोड रुपैयाँको कारोबार गर्दा दुई ठाउँको जग्गा धितो दिएको थिएँ । एउटा जग्गा हिसाब चुक्ता भएपछि फिर्ता भयो, तर महेन्द्रनगरको जग्गा अझै फिर्ता भएको छैन । म सँग कारोबारको लिखित प्रमाण र सम्पूर्ण हिसाबकिताब सुरक्षित छन् । मेरो जग्गा फिर्ता होस् र मैले न्याय पाऊँ ।'

यसै विषयमा पीडित सुरेन्द्र कुमार यादवले आइतवार नै पत्रकार सम्मेलन गर्दै घटनाको निष्पक्ष अनुसन्धान हुनुपर्ने माग गरेका थिए । उनले आर्थिक चलखेल वा अन्य कुनै प्रभावका कारण घटनालाई कमजोर बनाउने तथा आफूले न्याय नपाउने अवस्था सिर्जना नहोस् भन्दै सञ्चारमाध्यममार्फत सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।

यादवले शिवशंकर प्रसाद साहमाथि कानुनी प्रक्रिया पूरा गरी विवादको अन्तिम फैसला नआएसम्म उनलाई बाहिर नछाड् नसमेत आग्रह गरेका छन् । अनुसन्धान तथा न्यायिक प्रक्रियामा कुनै किसिमको आर्थिक चलखेल हुन नहुने उनको भनाइ छ ।

यद्यपि, जग्गा बिक्री भएको विषय र ऋण कारोबारसम्बन्धी आरोपको स्पष्ट पुष्टि हुन बाँकी छ । यस विषयमा शिवशंकर प्रसाद साहको प्रतिक्रिया प्राप्त भएको छैन ।

यादवका अनुसार धितोस्वरूप दिएको उक्त जग्गा एक साताभित्रै उनको जानकारी तथा सहमतिबिना अन्य व्यक्तिलाई बिक्री गरिएको हो । यस विषयमा पटक-पटक छलफल गरी जग्गा फिर्ताका लागि आग्रह गर्दा पनि समस्या समाधान नभएपछि आफू प्रहरीसमक्ष पुगेको उनले बताए ।

प्रहरी नियन्त्रणबाट फरार साह जटहीबाट पुनः पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । धनुषा प्रहरीको नियन्त्रणबाट फरार भएका ठगी मुद्दाका फरार प्रतिवादी कुशेश्वर साह अन्ततः पक्राउ परेका छन् । भाग्दै गरेको अवस्थामा उनलाई सोमवार बिहान धनुषाको सीमावर्ती क्षेत्र जटहीबाट पक्राउ गरिएको प्रहरी स्रोतले जनाएको छ ।

सिरहाको लहानस्थित इलाका प्रहरी कार्यालयमा ठगी तथा आपराधिक विश्वासघातको मुद्दा दर्ता भई पक्राउ पुर्जी जारी भएका ५४ वर्षीय साहलाई यसअघि धनुषा प्रहरीले नियन्त्रणमा लिएर पनि छाडिदिएको भन्ने आरोप लागेको थियो ।

सिरहाको मुसहरनियाँस्थित कौशल एग्रो राइस मिलका सञ्चालक साहमाथि किसानबाट उधारोमा धान खरिद गरी ४५ लाख रुपैयाँभन्दा बढी भुक्तानी नगरेको आरोप रहेको छ ।



घटना अनुसार २०८१ सालमा चार जना किसानले साहको मिलमा धान बिक्री गरेका थिए । किसान रामनाथ साहले २१ लाख, प्रवेश साहले ४ लाख, दिनेश साहले १० लाख र अशोक महतोले १० लाख रुपैयाँ बराबरको धान उधारोमा बिक्री गरेका थिए । तर, पटकपटक रकम माग्दा पनि भुक्तानी नपाएपछि उनीहरू प्रहरीमा जाहेरी दिएका थिए ।

किसानहरूले २०८१ पुसमै इलाका प्रहरी कार्यालय लहानमा जाहेरी दिन खोजे पनि सुरुमा प्रहरीले दर्ता गर्न मानेको थिएन। जिल्ला प्रहरी, प्रशासन, मधेश प्रदेश प्रहरी कार्यालय, प्रहरी प्रधान कार्यालय र गृह मन्त्रालयसम्म धाएपछि करिब डेढ वर्षमा मात्रै जाहेरी दर्ता भएको थियो। त्यसपछि साहविरुद्ध पक्राउ पुर्जी जारी भएको थियो ।

गत शुक्रबार लहानबाट सादा पोसाकमा खटिएको प्रहरी टोली पीडितलाई समेत लिएर जनकपुरधाम पुगेको थियो । जनकपुरधाम उपमहानगरपालिका-४ स्थित बंशीचोकको काली होटलनजिकै साहलाई हत्कडी लगाएर नियन्त्रणमा लिइएको थियो ।

तर, मुजेलिया प्रहरीले उनलाई जिल्ला प्रहरी कार्यालय धनुषामा उपस्थित नगराई बीच बाटोबाटै छाडिदिएको पीडित पक्षको आरोप थियो । प्रहरीले 'माथिबाट फोन आएको' भन्दै साहलाई घरसम्मै पुऱ्याईदिएको पीडित पक्षले दाबी गरेको थियो । उक्त घटनाको सीसीटीभी फुटेजसमेत रहेको उनीहरूको भनाइ थियो ।

यता, प्रहरी स्रोतका अनुसार साह र उनकी श्रीमती बिरामी भएको बहाना बनाएर नवजीवन अस्पताल भर्ना भएका थिए । अस्पतालबाट लुगा लिन घर जानुपर्ने भन्दै साह एक प्रहरी हवल्दारसँग घर पुगेका थिए । घर पुगेपछि चुकुल लगाएर लुकेका साहलाई नियन्त्रणमा लिन जिल्लाबाट थप प्रहरी टोली बोलाएर घर घेरिएको थियो । तर, प्रहरीको घेराबाटै उनी फरार भएका थिए ।

लागू औषधसहित २० जना पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल प्रहरीले देशका विभिन्न स्थानबाट अवैध लागुऔषधसहित २० जनालाई पक्राउ गरेको छ। मधेश प्रदेशको धनुषासहित काठमाडौं, मोरङ, मकवानपुर, सुनसरी र भक्तपुरका विभिन्न स्थानबाट खैरो हेरोइन, ब्राउनसुगर, गाँजा, पोलेन र ट्रामाडोलसहित उनीहरू पक्राउ गरेका हुन् ।

लागुऔषध नियन्त्रण ब्यूरोका अनुसार धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-८ का ५५ वर्षीय लक्ष्मण पण्डित दास तत्मा, तनहुँको भानु नगरपालिका-८ का २८ वर्षीय शैलेन्द्र बजगाई, गोरखाको शहीदलखन गाउँपालिका-५ का २५ वर्षीय सिजन रेग्मी र सिराहाको नवराजपुर गाउँपालिका-५ का २ ९ वर्षीय विवेककुमार साह पक्राउ परेका छन् ।

लागुऔषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले काठमाडौं उपत्यकाका विभिन्न स्थान र सिन्धुलीबाट ३९४ ग्राम १०० मिलिग्राम खैरो हेरोइन, २ लाख ५४ हजार रुपैयाँ नगद र दुई थान डिजिटल तराजुसहित नौ जनालाई पक्राउ गरेका छन् ।

पक्राउ पर्नेमा काठमाडौं कीर्तिपुर नगरपालिका-१ का ४२ वर्षीय रञ्जन थापा, चन्द्रागिरि नगरपालिका-११ का ३५ वर्षीय पदमबहादुर तिमिल्सिना, सिन्धुली कमलामाई नगरपालिका-२ का ३४ वर्षीय देवराज बम्जन, २२ वर्षीय निशान बम्जन र ३२ वर्षीय विशाल मोक्तान रहेका छन् ।

यसैगरी काठमाडौंको चन्द्रागिरि नगरपालिका-१ नागढुंगाबाट करिब ९८ ग्राम खैरो हेरोइनजस्तो देखिने पदार्थसहित मोरङको सुन्दरहरैंचा नगरपालिका-१२ का २१ वर्षीय रामबहादुर गिरी पक्राउ परेका छन् । सोमबार बिहान मोरङबाट काठमाडौं आउँदै गरेको बसमा सवार उनलाई लागुऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय नागढुंगाबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । मोरङको



जहदा गाउँपालिका-४ सिसौबारी टोलबाट ७ ग्राम ७२० मिलिग्राम खैरो हेरोइनजस्तो देखिने पदार्थसहित चार जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा जहदा-३ का २४ वर्षीय मञ्जितकुमार यादव, कटहरी गाउँपालिका-३ का २६ वर्षीय शिवम सिंह, २७ वर्षीय भरत कामत र ३० वर्षीय दुर्गेश कामत रहेका छन् ।

त्यस्तै मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१० बसपार्कबाट १२ किलो ६ सय ग्राम गाँजासहित पर्साको पोखरिया नगरपालिका-६ गमरिया टोलका १९ वर्षीय दिलिपकुमार राम पक्राउ परेका छन् । आइतबार दिउँसो पोखराबाट वीरगञ्जतर्फ आउँदै गरेको बसमा सवार उनलाई प्रहरी चौकी बसपार्कबाट खटिएको टोलीले पक्राउ गरेको हो ।

सुनसरीको कोसी गाउँपालिका-१ लौकहीबाट ३८० मिलिग्राम ब्राउनसुगर जस्तो देखिने पदार्थसहित इटहरी उपमहानगरपालिका-२ का २६ वर्षीय प्रज्वल राजधामी पक्राउ परेका छन् ।

सोही स्थानबाट ४ ग्राम ५९० मिलिग्राम ब्राउनसुगरजस्तो देखिने पदार्थसहित झापाको दमक नगरपालिका-८ का ३३ वर्षीय मनोज साहसहित तीन जना पक्राउ परेका छन् । दुवै घटनामा इलाका प्रहरी कार्यालय लौकहीबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

यस्तै भक्तपुर नगरपालिका-१० कमलविनायकबाट ४४ ग्राम ७० मिलिग्राम पोलेन र नियन्त्रित लागुऔषध ट्रामाडोलका ६५ ट् याब्लेटसहित दुई जना पक्राउ परेका छन् ।

शिक्षामा पहुँच सुनिश्चित गरौं



- शिक्षाबाट वञ्चित हुने अवस्थाको अन्त्य गरौं,
- विद्यार्थीमा सिर्जनशील क्षमताको विकास गरौं,
- विद्यार्थी मैत्री वातावरण निर्माण गरौं,
- विद्यार्थीमा अनुशासन, नैतिकता, सहिष्णुता र सामाजिक उत्तरदायित्वको भावना विकास गरौं,
- शिक्षालाई जीवनोपयोगी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८